# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ मितिः२०७९/०६/१३


## भाग-२

## कालिमाटी गाउँपालिका

## कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/०६/११

**प्रस्तावनाः** कालिमाटी गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको खानेपानीको श्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं खानेपानीको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं खानेपानीको श्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ध) ले दिएको अधिकार प्रयोग गरी कालिमाटी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"खानेपानीको श्रोत"** भन्नाले गाउँपालिका भित्रको भू-सतहमा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ख) **"लाभदायक उपयोग"** भन्नाले उपलब्ध साधन र श्रोतले भ्याएसम्म समुचित रूपले गरिएको खानेपानी श्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) **"उपभोक्ता संस्था"** भन्नाले दफा ५ बमोजिम गठित खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/संस्था सम्झनुपर्छ ।

(घ) **"अनुमति प्राप्त व्यक्ति वा संस्था"** भन्नाले खानेपानी श्रोतको उपयोग गर्न अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका खानेपानी मुहान दर्ता समिति"** भन्नाले दफा १० बमोजिम गठित समिति सम्झनु पर्छ ।

(च) **"अनुमति पत्र"** भन्नाले दफा १५ बमोजिम दिईने अनुमति पत्र सम्झनुपर्छ ।

(छ) **"सर्वेक्षण"** भन्नाले खानेपानी श्रोतको उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ज) **"उपभोक्ता"** भन्नाले सम्बन्धित खानेपानी श्रोतको प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) **"सेवा शुल्क"** भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा संस्थाले उपलब्ध गराएको खानेपानी सेवाको उपभोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) **"गाउँपालिका"** भन्नाले कालिमाटी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ट) **"अध्यक्ष"** भन्नाले कालिमाटी गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कालिमाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

३. **खानेपानीको श्रोतको स्वामित्वः** गाउँपालिकाभित्र रहेको खानेपानी श्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ।

४. **खानेपानी श्रोतको उपयोगः** यस कार्यविधि बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि खानेपानी श्रोतको उपयोग गर्न पाउने छैन ।

## परिच्छेद-२

## खानेपानी उपभोक्ता संस्था

५. **खानेपानी उपभोक्ता संस्थाको गठनः** सामूहिक लाभका लागि संस्थागत रूपमा खानेपानी श्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले पदाधिकारी (१ जना महिला रहने गरी) तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

६. **खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिनुपर्नेः** (१) दफा ५ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरू मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरूले अनुसूची-१ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र रु. १,०००।–(अक्षरुपी एक हजार रुपैंया मात्र) दस्तुर सहित गाउँपालिका खानेपानी मुहान दर्ता समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) कुनै खानेपानीको श्रोतको उपभोग गर्न कुनै खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था दर्ता भई सकेपछि त्यस्ता उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने खानेपानीको श्रोतको परिमाणमा कटौती हुनेगरी सोही समिति/संस्थाको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता समिति/संस्था दर्ता गरिने छैन ।

७. **विधानमा खुलाउनुपर्ने विवरणहरूः** दफा ६ (१) बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरू खुलाउनु पर्नेछः

(क) पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार),

(ज) सञ्चालक समितिको पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध ।

८. **दर्ता र प्रमाणपत्रः** (१) दफा ६ बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका खानेपानी मुहान दर्ता समितिले आवश्यक जाँचबुझ गरी खानेपानी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा गाउँपालिकाले खानेपानी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै खानेपानी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँपालिका खानेपानी मुहान दर्ता समितिले सोको स्पष्ट कारण खुलाई दरखास्तवालालाई दरखास्त पेश गरेको मितिले तीस दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिने छन् ।

९. **विधान संशोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँपालिका खानेपानी मुहान दर्ता समितिमा पेश गर्नु पर्नेछ र समितले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद-३

## खानेपानी श्रोतको उपयोग सम्बन्धी व्यवस्था

**१०. गाउँपालिका खानेपानी मुहान दर्ता समितिको गठनः** (१) गाउँपालिका भित्र रहेको खानेपानी श्रोतको उपयोग, नियमन तथा अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि कालिमाटी गाउँपालिकामा एक गाउँपालिका खानेपानी मुहान दर्ता समिति रहने छ ।

(२) उपदफा (१) बमोजिम रहने गाउँपालिका खानेपानी मुहान दर्ता समितिमा देहायका संयोजक र सदस्यहरू रहनेछन्:

(क) प्रमुख प्रशासकीय अधिकृत

(ख) खानेपानी मुहान दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख

(घ) वन सव डिभिजनको प्रमुख/अधिकृत प्रतिनिधि

(ङ) प्राविधिक शाखाका खानेपानी तथा सरसफाई प्राविधिक -सदस्य-सचिव

**११. गाउँपालिका खानेपानी मुहान दर्ता समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता संयोजकले गर्नेछ । निजको अनुपस्थितितमा सदस्यहरूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) गाउँपालिका खानेपानी मुहान दर्ता समितिको कुल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. खानेपानी श्रोतको उपयोगको सर्वेक्षण अनुमितपत्रको दरखास्त दिनेः** (१) खानेपानी श्रोतको उपयोगको सर्वेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरण खुलाई रु. १,०००।–(अक्षरुपी एक हजार रुपैंया मात्र) दस्तुर

सहित गाउँपालिका खानेपानी मुहान दर्ता समिति समक्ष दरखास्त पेश गर्नुपर्नेछ ।

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने स्थानको नक्सा (मूख्य-मूख्य संरचना समेत देखिने)

(ग) पानीको श्रोत र उपयोग हुने पानीको परिमाण

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम

(ङ) सर्वेक्षण गरिने खानेपानी श्रोतको क्षेत्र

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत)

(छ) अन्य आवश्यक कुराहरु

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाँचबुझ गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले अनुसूची-४ बमोजिमको ढाँचामा खानेपानी श्रोतको उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीस दिन भित्र गाउँपालिका खानेपानी मुहान दर्ता समिति समक्ष तीन प्रति प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) कुनै एक खानेपानी श्रोतको लागि कुनै व्यक्ति वा संगठित संस्थालाई खानेपानी श्रोतको उपयोगको सर्वेक्षण अनुमति पत्रका लागि अनुमति दिईसकेको अवस्थामा सोही अवधिमा सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई दोहोरो पर्ने गरी अनुमति पत्र दिईने छैन ।

**१३. खानेपानी श्रोतको उपयोग अनुमित पत्रको लागि दरखास्त दिनेः** खानेपानीको श्रोत उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरू खुलाई गाउँपालिका खानेपानी मुहान दर्ता समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थालको नक्सा, उपयोग गरिने खानेपानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका सञ्चलाकहरूको नाम, थर, वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ ।)

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृतन नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरूको प्रतिवद्धता र लगानीकर्ताहरूको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत),

(घ) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरूको लागत),

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरू तथा खानेपानीको श्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय उपभोक्तालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरूलाई पर्न सक्ने असर, विस्थापित

जनसंख्याको लागत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ) ।

(च) अन्य आवश्यक कुराहरु ।

१४. **दरखास्त उपर जाँचबुझः** (१) दफा १३ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू विवरण वा प्रतिवेदन पेश गरे/नगरेको सम्बन्धमा गाउँपालिका खानेपानी मुहान दर्ता समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश नगरेको भए त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका खानेपानी मुहान दर्ता समितिले सम्बन्धित दरखास्तवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनुपर्नेछ ।

(३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका खानेपानी मुहान दर्ता समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागज प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

१५. **सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेः** (१) दफा ६ बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ताको लागि पेश भएको दरखास्त र दफा १३ बमोजिम खानेपानी श्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँपालिका खानेपानी मुहान दर्ता समितिले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ताको लागि दफा ८ र खानेपानी श्रोतको उपयोग अनुमति पत्रको लागि दफा १४ बमोजमिम आवश्यक जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरू खुलाई सार्वजनिक जानकारीको लागि सम्बन्धित वडा कार्यालय मार्फत ३५ (पैंतिस) दिने सूचना प्रकाशित गर्नु पर्नेछ ।

१६. **अनुमति पत्र दिनेः** दफा १२ बमोजिमको दरखास्त उपर दफा १३, १४, १५ र १८ बमोजिम कार्यविधि पूरा गरी गराई

गाउँपालिका खानेपानी मुहान दर्ता समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्तवालालाई खानेपानीको उपयोग सम्बन्धी अनुमति पत्र दिनु पर्नेछ।

१७. **खानेपानी माथि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम खानेपानीको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति प्राप्त व्यक्ति वा संस्थालाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थानको खानेपानी उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

१८. **नयाँ अनुमतिपत्र लिनुपर्नेः** (१) कार्यविधि प्रारम्भ हुनु अगावैदेखि खानेपानीको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरू खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र खानेपानी उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका खानेपानी मुहान दर्ता समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपपत्र दिनेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समेतले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले छ महिनाभित्र यो कार्यविधि बमोजिम सूचीकृत गराउनु पर्नेछ। सूचीकृत हुनको लागि गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

१९. **अनुमतिपत्र नवीकरण गर्नेः** (१) यो कार्यविधि बमोजिम खानेपानी सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको नवीकरण गर्नु पर्नेछ ।
तर, यस कार्यविधि लागु हुनु अघि जिल्ला विकास समिति वा जिल्ला समन्वय समितिको कार्यालयमा दर्ता भई तोकिएको समय अवधिभित्र नविकरण हुन नसकेका/नभएका खानेपानी तथा

सरसफाई उपभोक्ता संस्थालाई एक पटकका लागि तोकिएको नविकरण दस्तुर लिई नविकरण गरिदिनु पर्नेछ ।

(२) प्रत्येक वर्ष अनुमति पत्र नवीकरण गराउँदा गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नविकरण गर्दा रु. ५००।– (अक्षरुपी पाँच सय रुपैंया मात्र) दस्तुर सहित गाउँपालिका खानेपानी मुहान दर्ता समिति समक्ष निवेदन दिनु पर्नेछ । रीतपूर्वक प्राप्त नविकरण सम्बन्धी निवेदन उपर आवश्यक जाँचबुझ गरी नविकरण गर्नुपर्नेछ ।

२०. **अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्नेः** (१) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिका खानेपानी मुहान दर्ता समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँपालिका खानेपानी मुहान दर्ता समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२१. **उपभोक्ता समिति/संस्थाको सम्पत्तिः** (१) उपभोक्ता समिति/संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई उपभोक्ता समिति/संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति/ संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ।

(३) उपभोक्ता समिति/संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले उपभोक्ता समिति/संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरूद्ध कुनै अपराध वा विराम गरेमा उपभोक्ता

समिति/संस्था वा उपभोक्ता समिति/संस्थाकाको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

२२. **सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थालाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेः** दफा १२ बमोजिम सर्वेक्षणको अनुमति-पत्र प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम खानेपानीको उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्न पर्ने म्याद भित्रै दफा १३ बमोजिमका विवरणहरू खुलाई दरखास्त दिएमा यस कार्यविधिको अन्य व्यवस्थाहरूको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताको साथ दफा १६ बमोजिम खानेपानी उपयोगको अनुमति-पत्र दिन सकिने छ।

२३. **खानेपानी माथि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम खानेपानी उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमति-पत्र प्राप्त व्यक्तिलाई अनुमति-पत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको खानेपानीको श्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

२४. **कार्य शुरु गर्नुपर्ने अवधिः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिनाभित्र र खानेपानीको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्ष भित्र भौतिक रूपमा कार्य शुरु गरी सोको जानकारी खानेपानी मुहान दर्ता समितिलाई दिनुपर्नेछ। तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले निवेदन दिएमा खानेपानी मुहान दर्ता

समितिले त्यस्तो कारण उचित देखेमा म्याद थप गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म खानेपानी मुहान दर्ता समिति समक्ष पठाउनु पर्नेछ।

## परिच्छेद-४
## विविध

**२५. खानेपानी उपयोग जाँचबुझ समितिः** (१) खानेपानी उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा वा मुहान दर्ता दोहोरो परेमा त्यस्तो विवाद तथा दोहोरो मुहान दर्ताको समस्या समाधानको लागि कालिमाटी गाउँपालिकामा देहायका
पदाधिकारीहरू भएको एक खानेपानी उपयोग जाँचबुझ समिति रहनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष -अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको खानेपानी उपयोग जाँचबुझ समितिले खानेपानीको उपयोगमा उत्पन्न विवाद समाधान
गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछः खानेपानी उपयोगको परियोजनाबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरू बिच खानेपानी उपयोगको प्राथमिकता निर्धारण वा खानेपानी सम्बन्धी कुनै परियोजना सञ्चालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टाछुट्टै वा सामूहिक रूपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरू उल्लेख गरी लिखित जानकारी पेश गर्न मुनासिब माफिकको म्याद तोकी दिनु पर्नेछ ।

**२६. कार्यविधिमा हेरफर वा थपघट गर्न सक्नेः** कालिमाटी गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार
हेरफेर वा थपघट गरी संसोधन गर्न सक्नेछ ।

**२७. बचाउः** (१) यो कार्यविधि कार्यान्वयनमा आउनु अगाडी गरिएको खानेपानी सम्बन्धी सबै कार्य यसै बमोजिम
भएको मानिनेछ।

(२) यो कार्यविधि संघीय कानुन तथा प्रदेश कानुनसँग बाझिएको हकमा अमान्य हुनेछ।

## अनुसूची-१
### (दफा ६ सँग सम्बन्धित)
### निवेदन पत्रको ढाँचा

श्री संयोजक ज्यू,
गाउँपालिका खानेपानी मुहान दर्ता समिति
कालिमाटी गाउँपालिका रामपुर सल्यान ।

विषयः खानेपानी उपभोक्ता संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामीले .......................... खानेपानी उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा ६ बमोजिम खानेपानी उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको दुई प्रति विधान र तोकिएको दस्तुर सहित दरखास्त दिएका छौं।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्य क्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम, ठेगाना र पेशाः

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र हरेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पऱ्याउने चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुऱ्याउने क्षेत्रः

(ग) सेवाबाट लभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

अनुसूची-२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

# कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता समिति

## रामपुर, सल्यान ।

दर्ता नम्बरः

दर्ता मितिः मतिः..................

## खानेपानी उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

श्री ..................सल्यानलाई कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा ८ को उपदफा (१) बमोजिम ............. साल .......... महिना................... गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

(निर्णय मितिः )

.......................................

(संयोजक)

कालिमाटी गाउँपालिका खानेपानी

मुहान दर्ता समिति

## अनुसूची-३

(दफा १२ को उपदाफ (१) सँग सम्बन्धित)

**खानेपानी उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त**

मितिः.......................

**श्री संयोजक ज्यू,**
कालिमाटी गाउँपालिका खानेपानी मुहान दर्ता समिति,
रामपुर, सल्यान ।

विषयः खानेपानी उपयोगको सर्वेक्षण अनुमति सम्बन्धमा ।

खानेपानी उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा १२ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.............
(पुष्ट्याई विवरण संलग्न गर्नुपर्नेछ)
५. सर्वेक्षण गर्ने अवधिः
६. अन्य विवरणहरु (कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा १२ बमोजिम)

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बझाउँला। संस्था भए सो संस्थाको छापः

**व्यक्ति वा संस्थाको तर्फबाट दरखास्त दिनेकोः**

नाम र थरः

सहीः

पदः

ठेगानाः

अनुसूची-४

(दफा १२ को उपदफा ४ सँग सम्बन्धित)

कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता समिति,

रामपुर, सल्यान ।

# खानेपानी उपयोगको सर्वेक्षण अनुमति-पत्र

अनुमति-पत्र संख्याः

मितिः.........................

श्री..................................

........................................

महाशय,

तपाईलाई खानेपानीको उपयोग सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खुलाई कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा १२ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः

२. जलस्रोत सर्वेक्षणको उद्देश्यः

३. जलस्रोत सर्वेक्षणको क्षेत्रः

४. सर्वेक्षण गर्ने अवधिः

५. अनुमतिपत्र बहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको,

नामः

पदः

हस्ताक्षरः

# अनुसूची-५

## (दफा १३ सँग सम्बन्धित)

## खानेपानी श्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मितिः.................

श्री संयोजक ज्यू,
कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता समिति,
रामपुर, सल्यान ।

विषयः खानेपानी श्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

खानेपानी श्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा १३ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न खोजेको खानेपानी श्रोतको परिमाण र उपयोग गर्ने प्रयोजनः
४. प्रस्तावित खानेपानी श्रोतको उपयोग गर्ने ठाउँः
५. खानेपानी श्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः
८. खानेपानी श्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः
९. खानेपानी श्रोतको उपयोग गर्ने तरिकाः
१०. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः
११. अन्य विवरणहरूः

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

संस्था भए सो संस्थाको छापः

सम्बन्धित व्यक्ति वा संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिकोः

नाम, थरः

पदः

ठेगानाः

हस्ताक्षरः

अनुसूची-६

(दफा १६ सँग सम्बन्धित)

कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता समिति

रामपुर, सल्यान ।

## जलस्रोतको उपयोगको अनुमतिपत्र

अनुमतिपत्र संख्याः

मिति.........................

श्री..............................

................................

महाशय,

तपाईलाई खानेपानीको श्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली कालिमाटी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा १६ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. खानेपानी श्रोतको उपयोगको उद्देश्यः

३. खानेपानी श्रोतको नाम, किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने खानेपानी श्रोतको परिमाणः

५. खानेपानी श्रोतको उपयोगको क्षेत्रः

६. खानेपानी श्रोतको उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. अनुमतिपत्र वहाल रहने अवधिः

**अनुमतिपत्र दिने अधिकारीको,**

नामः-

पदः-

सहीः-

आज्ञाले,
खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत